**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८२**

**बी.एड./पाँचौं सेमेस्टर** **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ३०**

विषय: **नेपाली भाषा शिक्षणका आधारभूत पक्ष** (नेपा.शि.४५५/४५६)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. नेपाली भाषा शिक्षणको परिचय दिँदै यसका मूलभूत आवश्यकता प्रस्तुत गर्नुहोस्।

२. नेपाली भाषाशिक्षणका समस्याहरूको चर्चा गर्नुहोस्।

३. पाठ्यक्रम स्तरणका प्रमुख आधारहरू स्पष्ट पार्नुहोस्।

**अथवा**

पाठ्यक्रम निर्माणका सामान्य सिद्धान्तहरूको चर्चा गर्नुहोस्।

४. दरबार स्कुल र कन्या पाठशालाको स्थापना र प्रभावका बारेमा चर्चा गर्नुहोस्।

५. मातृभाषाको परिचय दिई यसको महत्व र प्रयोजनका बारेमा व्याख्या गर्नुहोस्।

६. भाषा पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्धलाई प्रस्ट्याउनुहोस्।

**अथवा**

माध्यमिक नेपाली भाषा पाठ्क्रम २०६४ सालका विशेषताहरूको चर्चा गर्नुहोस्।

**समूह 'ग'** **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. भाषा पाठ्यक्रम निर्माणका चरणगत प्रक्रियाहरूको सविस्तार वर्णन गर्नुहोस्।

८. वर्तमान माध्यमिक तहको कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकका परिधीय र प्राज्ञिक विशेषताहरू केलाउनुहोस्।

**अथवा**

भाषाशिक्षणका आधारभूत सिद्धान्तहरूलाई सविस्तार चर्चा गर्नुहोस्।

**समाप्त**

**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८२**

**बी.एड./पाँचौं सेमेस्टर**

विषय: **नेपाली भाषा शिक्षणका आधारभूत पक्ष** (नेपा.शि. ४५५/४५६)

---

सिम्बोल नं. ..........................

**समूह 'क'** **१०x१= १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।**

१. भाषा शिक्षणको मुख्य उद्देश्य कुन हो ?
(क) भाषिक सिपको ज्ञान दिनु (ख) भाषिक पक्षको ज्ञान दिनु
(ग) भाषाको विकास गर्नु (घ) भाषाको परिचय दिनु

२. नेपालमा नेपाली भाषापछि सबैभन्दा बढी बोलिने मातृभाषा कुन हो ?
(क) मैथली (ख) तामाङ
(ग) भोजपुरी (घ) नेवारी

३. भाषा शिक्षणका सन्दर्भमा 'जीवन सापेक्षता' कस्तो सिद्धान्त हो ?
(क) आवश्यकता पूर्तिको सिद्धान्त
(ख) जीवन उपयोगी सिद्धान्त
(ग) स्तर सापेक्ष सिद्धान्त
(घ) रचनात्मक एवं मनोरञ्जनात्मक सिद्धान्त

४. पाठ्यवस्तुलाई पङ्क्तिवद्ध गरी एकपछि अर्को गर्दै प्रस्तुत गर्ने स्तरणलाई के भनिन्छ ?
(क) एकीकृत (ख) पृथकीकृत
(ग) चक्रीय (घ) रेखीय

५. दोस्रो भाषा सिकाइ कसरी प्राप्त हुन्छ ?
(क) प्रयत्न र भूल (ख) सचेत अनुकरण
(ग) स्वतन्त्र अभ्यास (घ) प्रयोगात्मक प्रयोग

६. नेपालको शैक्षिक इतिहासमा आमूल परिवर्तन सहितको शिक्षा नीति कहिले र कसले लागू गरेको थियो ?
(क) रा.शि.यो.आ. २०११ (ख) रा.शि.प.यो.२०२८
(ग) एस.एल.सी.परीक्षा बोर्ड १९९० (घ) स.रा.शि.स.२०१८

७. 'पाठ्यक्रम' शब्दको व्युत्पत्ति कुन धातुबाट भएको मानिन्छ ?
(क) केरियर (ख) कुरियर
(ग) कुरेरे (घ) करिकुलम

८. नेपाली भाषा पाठ्यपुस्तकको लेखनमा विशेष योगदान दिने विद्वान को हुन् ?
(क) गोपाल पाण्डे (ख) जयपृथ्वी बहादुर सिहं
(ग) लक्ष्मीप्रसाद देवकोटा (घ) महानन्द सापकोटा

९. माध्यमिक नेपाली भाषा पाठ्यक्रम २०६४ ले नेपाली भाषालाई कति पूर्णाङ्क निर्धारण गरेको छ ?
(क) १७० पूर्णाङ्क (ख) १०० पूर्णाङ्क
(ग) १५० पूर्णाङ्क (घ) २०० पूर्णाङ्क

१०. भाषा पाठ्यक्रम निर्माणको प्रथम चरण भनेर तलका मध्ये कसलाई मानिन्छ ?
(क) आवश्यकताको विश्लेषण (ख) लक्ष्य तथा उद्देश्य निर्धारण
(ग) मूल्याङ्कन प्रक्रिया (घ) शिक्षण प्रक्रिया